नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा )**

सिंहदरबार ,
काठमाण्डौ, नेपाल।

पत्रसंख्याः०७७/७८ (सा.स.सा.सु)

च.नं. ३०

मितिः २०७७/०६/२०

विषयः जानकारी गराईएको सम्वन्धमा ।

श्री स्थानीय तहहरु (सवै)

प्रस्तुत विषयमा युवा तथा खेलकुद मन्त्रालयको मिति २०७७।०६।१२, च.नं. २१३ को पत्र संलग्न छ ।पत्रबाट व्यहोरा अवगत हुनेगरी आवश्यक समन्वय र सहजीकरणका लागि निर्देशनानुसार अनुरोध छ।

२०७७।०६।२०
लेखनाथ भट्टराई
शाखा अधिकृत

बोधार्थः श्री सूचना तथा प्रविधि शाखा, सं.मा.तथा सा.प्र. मन्त्रालय

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(युवा परिचालन तथा परामर्श शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या ०७७/०७८
चलानी नं : २९३

दर्ता नं.:- २९०६
मिति - २०७७/६/१३

मिति २०७७।०६।१२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः- वेभसाइटमा राख्ने तथा जानकारी गराइदिने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा श्री राष्ट्रिय युवा परिषद्को प.स.:०७७/७८, च.न.१९८ मिति २०७७/०६/०७ को प्राप्त पत्रानुसार राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजनको मार्गनिर्देशन बमोजिम राष्ट्रिय युवा परिषद्ले आ.व.०७४/७५ देखि युवाको नेतृत्व क्षमता विकास तथा परिचालन गर्ने उद्देश्यले स्थानीय, प्रदेश र संघीय तहमा नमूना युवा संसद (Mock Youth Parliament) को अभ्यास गर्दै आइरहेको छ। सोका लागि स्थानीय तहका वडास्तरमा गठन भएका युवा क्लबहरु नै यस कार्यक्रमको प्रमुख आधार हो। उक्त युवाक्लब गठन, नवीकरण तथा नमूना युवा संसदको अभ्यास समयमा नै सम्पन्न गर्ने गराउने उद्देश्यले स्थानीय तहहरुलाई जानकारी गराउने प्रयोजनका लागि राष्ट्रिय युवा परिषदबाट परिपत्र गर्न आवश्यक देखिएकाले यसै पत्रसाथ संलग्न उक्त परिपत्रको सक्कलै प्रति तहाँ मन्त्रालयको वेभसाइटमा राखी स्थानीय तहहरुलाई जानकारी गराईदिने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ ।

२०७७।६।१२
यमेन्द्र उपाध्याय
उप सचिव

बोधार्थः
श्री राष्ट्रिय युवा परिषद्,
सानोठिमी, भक्तपुर।

शा.अ. श्री ...

अनुरोध गर्दै आए बमोजिम वेभसाइटमा राख्न हुन।
२०७७/०६/१८

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ ( आ.प्र) फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(..........................................शाखा)

प.सं.: ०६६/६८ ९३८

च.नं.:

मितिः २०७७/०६/०७

विषयः जानकारी तथा पत्राचार सम्बन्धमा ।

२९५
2066/६/११

श्री युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार काठमाडौं ।

उपर्युक्त सम्बन्धमा राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजनको मार्गनिर्देशन बमोजिम राष्ट्रिय युवा परिषदले आव २०७४/०७५ देखि युवाको नेतृत्व क्षमता विकास तथा परिचालन गर्ने उद्देश्यले स्थानीय, प्रदेश र संघीय तहमा नमूना युवा संसद ( Mock Youth Parliament) को अभ्यास गर्दै आइरहेको छ । सोको लागि स्थानीय तहका वडास्तरमा गठन भएका युवाक्लबहरु नै यस कार्यक्रमको प्रमुख आधार हो । उक्त युवाक्लब गठन, नवीकरण तथा नमूना युवा संसदको अभ्यास समयमा नै सम्पन्न गर्ने गराउने उद्देश्यले स्थानीय तहहरुलाई जानकारी गराउने प्रयोजनका लागि यस परिषदबाट परिपत्र गर्न आवश्यक देखिएकोले सो तयार गरी यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । स्थानीय तहहरुलाई सूचना प्राप्तिमा सहज बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइटमा राख्ने व्यवस्थाका लागि उक्त मन्त्रालयमा पत्राचार गरिदिनु हुन अनुरोध छ ।

.............................

डा. बाबुराम ढुङ्गाना

नि. प्रशासकीय प्रमुख

"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.............................................शाखा) मिति: २०७७/०६/०७

प.सं.:
च.नं.:

विषयः युवाक्लब गठन, नवीकरण तथा नमूना युवा संसद अभ्यास सम्बन्धमा ।

श्री स्थानीय तहहरु
सबै

युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनामा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरु मध्ये युवा परिचालन, सहभागिता र नेतृत्व विकास पनि एक हो । राष्ट्रिय युवा नीति २०७२ तथा युथभिजनको मार्गनिर्देशन बमोजिम राष्ट्रिय युवा परिषदले आव २०७४/०७५ देखि युवाको नेतृत्व क्षमता विकास तथा परिचालन गर्ने उद्देश्यले स्थानीय, प्रदेश र संघीय तहमा नमूना युवा संसद ( Mock Youth Parliament) को अभ्यास गर्दै आइरहेको छ ।नमूना युवा संसद अभ्यासको आधार भनेको वडास्तरीय युवाक्लबहरु हुन् । सोको लागि चालु आव २०७७/७८ मा समेत प्रत्येक जिल्लाका १-१ वटा नयाँ पालिकाहरुमा उक्त कार्यक्रमका लागि सशर्त अनुदानको रुपमा बजेट समेत विनियोजन भएको अवस्था छ । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्यले परिषदले युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ समेत जारी गरेको छ । यस कार्यविधि बमोजिम कार्यक्रम परेका स्थानीय तहका वडाहरुमा युवाक्लब गठन गर्ने र युवाक्लबबाट छनौट भई आएका युवा प्रतिनिधिहरु सम्मिलित गाउँ/नगर स्तरमा नमूना युवा संसदको अभ्यास गर्ने कार्यक्रम रहेको छ । अतः वडास्तरीय युवाक्लबको पदाबधि २ वर्षको रहने भएकोले यस कार्यक्रम परेका पालिकाका सबै वडाहरुले यदि कार्यविधि बमोजिम युवाक्लब गठन नगरेको भए यथाशिघ्र गठन गर्नु हुन र पूर्व गठित युवाक्लबको म्याद (दुईवर्षे कार्यकाल) समाप्त भएको भए पुनर्गठन गरी तोकिएको कार्यविधि तथा यस परिषदको कार्यक्रम सहजीकरण पुस्तिका बमोजिम समयमा नै कार्यसम्पादन गर्नु गराउनु हुन अनुरोध छ । नमूना युवा संसदको कार्यक्रम नपरेका स्थानीय तहहरुले पनि आफ्नै पहल र स्रोतमा युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिम युवाक्लब गठन तथा नमुना युवा संसदको अभ्यास गर्न सक्नेछन् । सोको जानकारी यस परिषदमा गराएमा ती पालिकाहरुबाट समेत प्रदेश स्तरको नमुना युवा संसद सञ्चालन प्रक्रियामा सहभागी हुन सक्नेछन् । प्रदेश तहमा हुने नमूना युवा संसदको अभ्यास सम्बन्धी कार्यक्रमको सूचना तथा व्यस्थापन सम्बन्धित प्रदेश स्थित सामाजिक विकास मन्त्रालयबाट हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । युवाक्लब गठन तथा नमूना युवा संसद सञ्चालन सम्बन्धी कार्यविधि २०७५ यस परिषदको वेवसाइट www.nyc.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ ।

.....................................
डा. बाबुराम ढुङ्गाना
नि. प्रशासकीय प्रमुख

प्रशासकीय प्रमुख

बोधार्थः
श्री सामाजिक विकास मन्त्रालय - ७ प्रदेश
श्री संघीय युवाक्लब सञ्जाल : आवश्यक संयोजन तथा सहजीकरण गर्नुहुन ।

"समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

वेवसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)